# अध्याय ५: हङकङ वरिपरि यात्रा गर्ने

## सडक काट्ने नियम (रोड क्रसिङ कोड)

फुटब्रिजहरू, सबवेहरू, "जेब्रा" क्रसिङहरू वा "ग्रीन म्यान" क्रसिङहरू प्रयोग गरी सडक पार गर्न अझ सुरक्षित हुन्छ। यदि तपाईंले नजिकै कुनै पनि त्यस्ता क्रसिङ सुविधाहरू फेला पार्न सक्नुहुन्न भने, त्यहाँ सडक पार गर्नका लागि केही आधारभूत कदमहरू छन् जुन तपाईंले विचार गर्नु आवश्यक हुन्छ:

1. कुनै पनि आउँदै गरेका गाडीको ट्राफिकको लागि सबै दिशाहरूमा सडकहरूमा स्पष्ट रूपमा देख्न सक्ने सुरक्षित ठाउँ खोज्नुहोस्।
2. गाडीको ट्राफिक जाँच गर्दा, कर्ब (फुटपाथको सीमा) बाट अलिकति पछाडि रोकिनुहोस् जहाँ तपाईं ट्राफिकबाट टाढा हुनुहुनेछ।
3. ट्राफिकको लागि चारैतिर हेर्नुहोस् र सुन्नुहोस्। यद्यपि, ध्यान दिनुहोस् कि मोटरसाइकल सहित इलेक्ट्रिक/हाइब्रिड सवारी साधनहरू निकै कम आवाज निकालेर चल्न सक्छन्। तपाईंले सुन्नको अतिरिक्त तिनीहरूलाई हेर्न पनि आवश्यक हुन्छ। यदि गाडीको ट्राफिक आउँदैछ भने, तिनीहरूलाई जान दिनुहोस्। चारैतिर हेर्नुहोस् र फेरि सुन्नुहोस्।
4. ड्राइभरहरूलाई तपाईंको बाटो काट्ने मनसाय जान्न दिनुहोस् तर चालकले तपाईंको लागि ढिलो चलाउने आशा नगर्नुहोस्।
5. प्रशस्त समय छ भनी निश्चित नहुँदासम्म पार नगर्नुहोस्। नजिकै गाडीको ट्राफिक नभएको बेला सिधा सडक पार गर्नुहोस्।
6. यदि तपाईं कम देखिने स्थिति, आवाज, वा खराब मौसमको कारण स्पष्ट रूपमा देख्न वा सुन्न सक्नुहुन्न भने सडक पार गर्न थप समय दिनुहोस्।
7. तपाईंले बाटो काट्दै गर्दा देखा परेका वा नजिके आएका सवारीसाधनहरू हेर्ने र सुन्ने कार्य जारी राख्नुहोस्।
8. खाने, पिउने, मोबाइल गेम खेल्ने, मोबाइल फोन प्रयोग गर्ने, कुनै अडियो उपकरण सुन्ने वा सडक पार गर्दा कुरा गर्ने जस्ता अन्य कुनै पनि गतिविधिहरू नगर्नुहोस्। तपाईंको सम्पूर्ण ध्यान गाडीको ट्राफिक प्रति दिनुहोस्।

## क्रसिङ सुविधाहरू प्रयोग गर्ने

तपाईंलाई व्यस्त सडकहरू पार गर्न मद्दत गर्न धेरैजसो क्रसिङ सहायता (ऐड) प्रदान गरिन्छ।

**फुटब्रिजहरू र सबवेहरू**: फुटब्रिजहरू, सबवेहरू र एलिभेटेड वाकवे व्यस्त सडकहरू पार गर्नका लागि सबैभन्दा सुरक्षित ठाउँहरू हुन् किनभने तिनीहरूले पैदल यात्रुहरूलाई ट्राफिकको जोखिमबाट टाढा राख्छन्।

**"जेब्रा" क्रसिङ**: "जेब्रा" क्रसिङहरूलाई सडकहरू माथि अल्टर्नेटिङ छुट्टिएका कालो र सेतो पट्टीहरू तथा दुवै छेउमा जिग्ज्याग लाइनहरूका चिह्नले सङ्केत गरिएको हुन्छ। पहेंलो बीकन बत्ति, सामान्यतया फ्ल्यासिङ (झिपझिप गर्ने)ले, क्रसिङको स्थानलाई सङ्केत गर्छ। ड्राइभरहरूलाई तपाईंलाई हेर्न, गति घटाउन र तपाईंले पार गर्न सुरू गर्नु अघि रोक्न दिन सधैं प्रशस्त समय दिनुहोस्। आवश्यक भएमा, तपाईं सडक पार गर्न चाहनुहुने चालकहरूलाई सङ्केत गर्न क्रसिङमा एउटा सानो पाइला राख्नुहोस्। तपाईंले "जेब्रा" क्रसिङमा पाइला नपरेसम्म गाडीको ट्राफिक तपाईंको लागि रोकिनु पर्दैन।

**"हरियो मानिस" (ग्रीन म्यान) क्रसिङ**: जब तपाईं "हरियो मानिस" क्रसिङमा पुग्नुहुन्छ, कर्ब नजिकै फुटपाथमा उभिनुहोस्। केही क्रसिङहरूमा, तपाईंले पैदल यात्री (पेडेस्ट्रियन) पुश बटन पाउनुहुनेछ; बटन छुनुहोस् वा थिच्नुहोस् र पर्खनुहोस् (केही "हरियो मानिस" क्रसिङहरूले पुश बटन छोए वा थिचे पश्चात् पैदल यात्रीहरूलाई हरीयो सङ्केत दिनेछन्)। जब स्थिर "हरियो मानिस" बत्ति देखाउँछ, तपाईं सावधानीपूर्वक पार गर्न सक्नुहुन्छ। कुनै जंक्शन माथि विकर्ण कोणमा (डायागनल तरिकाले छड्के कोणमा) पार नगर्नुहोस् यदि विशेषतः त्यसो गर्नको लागि पैदल यात्री क्रसिङ बनाइएको छैन भने। यदि पैदल यात्री बत्तीले फ्ल्यास गरिरहेको "हरियो मानिस" देखाउँछ भने तपाईंले पार गर्न सुरू गर्नु हुँदैन। यदि "हरियो मानिस" तपाईं पार गरिरहँदा फ्ल्यास गर्न थाल्छ भने, स्थिर गतिमा सडक पार गर्न जारी राख्नुहोस्। यदि पैदल यात्री बत्तिले "रातो मानिस" देखाउँछ भने कहिल्यै पार नगर्नुहोस् वा पार गर्न सुरू नगर्नुहोस्। यदि ट्राफिक लाइटले काम गरिरहेको छैन भने, क्रसिङलाई सामान्य क्रसिङको रूपमा सावधानीपूर्वक प्रयोग गर्नुहोस्। ट्राफिक हेर्नुहोस् र अत्यधिक सावधानीका साथ सडक पार गर्न रोड क्रसिङ कोड पछ्याउनुहोस्।

यदि क्रसिङको बीचमा आइल्याण्ड छ भने, त्यसमा रोकिनुहोस् र रोड क्रसिङ कोड र माथिका नियमहरू र सल्लाहहरू फेरि पालना गर्नुहोस्।

"जेब्रा" क्रसिङको जिग्ज्याग लाइन भित्र वा "हरियो मानिस" क्रसिङहरू, फुटब्रिजहरू र सबवेहरूको दुबै छेउमा १५ मिटर भित्र सडक पार नगर्नुहोस्।

## सुरक्षित साइक्लिङ

साइकललाई एक सवारी साधनको रूपमा लिइन्छ, जसको अर्थ साइकल चालकहरूले साइकल चलाउँदा चालकहरूको लागू हुने नियम र नियमहरू पालना गर्नु समान दायित्व हुन्छ। तपाईंले सडकमा यात्रा गर्दा निम्न सुरक्षा सुझावहरूलाई ध्यान दिनुहोस्:

### गर्ने

1. सुनिश्चित गर्नुहोस् कि ब्रेकहरू उपयुक्त रूपमा मिलाइएको छ र उचित कार्य स्थितिमा राखिएको छ, र त्यसबाट पाङ्ग्राहरूलाई प्रभावकारी रूपमा रोक्न सक्छ।
2. साइकलको अवस्था जाँच गर्नुहोस् र सेटअप गर्नु अघि सुरक्षा हेलमेट र व्यक्तिगत सुरक्षा उपकरण (जस्तै प्याड र पन्जा) लगाउनुहोस्।
3. साइकलमा चेतावनी घण्टी (वार्निङ बेल) र पछाडिको रातो रिफ्लेक्टर राखिएको कुरालाई सुनिश्चित गर्नुहोस्।
4. ट्राफिक बत्ती सङ्केतहरू, ट्राफिक सङ्केतहरू, सडक चिन्हहरू र सवारी साधनहरूमा लागू हुने ट्राफिक नियमहरूको पालना गर्नुहोस्।
5. उज्यालो, हल्का रङको, फ्लोरोसेन्ट वा परावर्तन हुने (रिफ्लेक्टिभ) कपडा/बेल्ट लगाउनुहोस्।
6. अन्धकार वा राम्ररी नदेखिने समयमा अगाडिको सेतो बत्ती र पछाडिको रातो बत्ती बाल्नुहोस्।
7. यदि उपलब्ध छ भने सधैं साइकलवे नै प्रयोग गर्नुहोस्।
8. ओभरटेक गर्दा वा दायाँ मोड गर्दा बाहेक सधैं एकल फाइल वा स्थितिमा सवारी गर्नुहोस्।
9. सडकको बायाँ छेउमा यात्रा गर्नुहोस् र खाल्डाहरू, नालीहरू, सडक विस्तार जोइन्टहरू, कभरहरू र ट्र्याकहरू, आदि हेर्नुहोस्।
10. तपाईंले पछ्याउने कुनै पनि सवारी साधनबाट सुरक्षित दूरी राख्नुहोस्।
11. सडक पार गर्दा बत्ती बालेर उज्यालो पार्नुहोस्।

### नगर्नुहोस्

1. कुनै पनि यात्रुलाई नबोक्नुहोस् वा कुनै जनावरलाई आफ्नो पछि ल्याउने कार्य नगर्नुहोस्।
2. तपाईंको दृष्टिमा बाधा पुग्ने वा तपाईंको सन्तुलनलाई बिगार्न सक्ने कुनै पनि सामानहरू वा जनावरहरू नबोक्नुहोस्।

3. सवारी गर्दा ह्यान्डलबारहरू वा पेडलहरू नछोड्नुहोस्।
4. अन्य सवारी साधनहरू समात्ने वा कुनै वस्तुहरू तान्ने कार्य नगर्नुहोस्।
5. एघार वर्ष भन्दा मुनिका बालबालिकालाई वयस्कको निगरानी बिना सडकमा साइकल चलाउन अनुमति छैन।
6. फुटपाथमा साइकलले यात्रा नगर्नुहोस्।
7. गाडीको ट्राफिकको बीचमा रहँदा एक छेउबाट अर्को छेउमा नजानुहोस् वा जिग-ज्याग नगर्नुहोस्।
8. रक्सी वा ड्रग्स जस्ता मादक पदार्थहरूको प्रभावमा साइकल यात्रा नगर्नुहोस्।
9. साइकल चलाउँदा मोबाइल फोन प्रयोग गर्ने वा कुनै अडियो उपकरणको इयरफोन लगाउने कार्य नगर्नुहोस्।

थप साइकल यात्रा सुरक्षा जानकारीको लागि, कृपया यातायात विभागको साइकलिङ सूचना केन्द्र (Transport Department's Cycling Information Centre) को वेबसाइट www.td.gov.hk/mini_site/cic/en मा जानुहोस्।

## सुरक्षित मोटरिङ

तपाईंले गाडी चलाउँदा निम्न नियम र सुझावहरूलाई ध्यान दिनुहोस्:

**गर्ने**

1. सावधानीपूर्वक ड्राइभिङ गर्नुहोस्।
2. सिट बेल्ट राखिएको छ भने त्यसलाई लगाउनुहोस्।
3. सधैं आफ्नो र अगाडिको गाडी बीच कम्तिमा दुई सेकेन्ड समयको अन्तर छोड्नुहोस्।
4. गाडीको ब्लाइन्ड स्पटहरू (गाडीबाट नदेखिने गाडीको सामुन्नेको बाहिरतर्फको क्षेत्र)मा विशेष ध्यान दिनुहोस्।
5. ट्राफिक नियमहरूको पालना गर्नुहोस् र लेन अनुशासन कायम राख्नुहोस्।
6. ट्राफिक दुर्घटना वा आपतकालिन स्थिति पछिको समयलाई कसरी सम्हाल्ने भन्ने बारेमा तयारी गर्नुहोस्।

**नगर्नुहोस्**

1. मादक पदार्थ सेवन वा मादक पदार्थ सेवन गरेर सवारी चलाउनु हुँदैन।
2. थकित वा गलेको महसुस हुँदा गाडी नचलाउनुहोस्।
3. अगाडि गुडेको गाडीको धेरै नजिक गाडी नगुडाउनुहोस्
4. गाडी चलाउँदा हातमा समात्ने मोबाइल प्रयोग नगर्नुहोस्।

थप सुरक्षित मोटरिङ जानकारीको लागि, कृपया यातायात विभागको सुरक्षित मोटरिङ मार्गनिर्देशिका (Transport Department's Safe Motoring Guides) को वेबसाइटमा जानुहोस् www.td.gov.hk/en/road_safety/safe_motoring_guides/index.html ।

## एमटिआर

MTR कर्पोरेशन लिमिटेडले शहरी क्षेत्रहरू, न्यु टेरिटोरिज र ल्यान्टाउ आइल्याण्डमा एक एकीकृत रेलवे नेटवर्कको साथै हङकङ अन्तर्राष्ट्रिय विमानस्थलमा एक्सप्रेस लाइन सञ्चालन गर्दछ। यसले मुख्यभूमि चीनका विभिन्न शहरहरूबाट आउने ग्वाङझाउ-शेन्जेन-हङकङ एक्सप्रेस रेल लिंक (XRL) को हङकङ खण्ड पनि सञ्चालन गर्दछ।

सञ्जालले क्वुन टोङ लाइन (Kwun Tong Line), सुएन वान लाइन (Tsuen Wan Line), आइल्याण्ड लाइन (Island Line), साउथ आइल्याण्ड लाइन (South Island Line), त्सियुंग क्वान ओ लाइन (Tseung Kwan O Line), तुङ चुङ लाइन (Tung Chung Line), डिज्नील्याण्ड रिसोर्ट लाइन (Disneyland Resort Line), इस्ट रेल लाइन(East Rail Line) र टुएन मा लाइन (Tuen Ma Line) समेट्छ। ट्रेनहरू दैनिक बिहान ५:२८ देखि अबेर राति १:२९ सम्म चल्छन्। थप रूपमा, MTR प्रणालीले एयरपोर्ट एक्सप्रेस र लाइट रेललाई पनि समेट्छ। पहिलोले दैनिक बिहान ५:५० देखि अबेर राति १:१५ सम्म सेवा प्रदान गर्दछ, जबकि पछिल्लोले दैनिक बिहान ५:११ देखि अबेर राति १ः३८ सम्म सञ्चालन गर्दछ।

एयरपोर्ट एक्सप्रेसले आगमन र प्रस्थान गर्ने यात्रुहरूलाई एयरपोर्टको यात्रु टर्मिनल र सेन्ट्रलको मुटुमा रहेको हङकङ स्टेशनको बीचमा, त्सिङ यी र काउलुन स्टेशनहरू हुँदै यात्रा गर्दछ। एयरपोर्टको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा सेवा दिन २००५को अन्त्यमा एसियावर्ल्ड-एक्सपो स्टेशनसम्म सेवा विस्तार गरिएको थियो।

लाइट रेल नेटवर्कले उत्तरपश्चिमी न्यु टेरिटोरिजका नयाँ नगरहरू जोड्दछ, जसमा टुएन मुन (Tuen Mun), टिन शुई वाइ (Tin Shui Wai) र युएन लङ्ग (Yuen Long) पर्दछन्। यो तुएन मा लाइन (Tuen Ma Line)सँग जोडिएको छ जुन मा ओन शान (Ma On Shan)मा पुग्छ।

MTR ले दुई प्रकारका नगरको सीमा पार गर्ने क्रस-बाउन्ड्री ट्रेन सेवाहरू पनि प्रदान गर्दछ। यात्रीहरूलाई शेन्जेन (Shenzhen) नियन्त्रण बिन्दुहरूमा पुग्न अनुमति दिने लो वू (Lo Wu) र लोक मा चाउ (Lok Ma Chau) स्टेशनहरू इस्ट रेल लाइन (East Rail Line)द्वारा जोडिएको छ। XRL रेलहरू हङकङ वेस्ट काउलुन स्टेशन (Hong Kong

West Kowloon Station) र ७३ मुख्य भूमि गन्तव्यहरू बीच चल्छन्, जसमा १० छोटो दुरीका गन्तव्यहरू र ६३ लामो दुरीका गन्तव्यहरू छन्, जसले हङकङलाई राष्ट्रिय उच्च-गतिको रेल नेटवर्कमा जोड्दछ तथा हङकङ र विभिन्न मुख्य भूमि शहरहरू बीचको रेल यात्रा समय उल्लेख्य रुपमा घटाउँछ।

सोधपुछ: **२८८१-८८८८**

***सुझाव:***
अत्यधिक सुविधाजनक प्रकारको टिकटलाई "अक्टोपस" ("Octopus") भनिन्छ, जुन MTR, सबै फ्रान्चाइज्ड बस रुटहरू र सबै फ्रान्चाइज्ड तथा इजाजतपत्र प्राप्त पानीजहाज (फेरी) मार्गहरूमा बहु यात्राहरूको लागि भण्डारण-मूल्य (स्टोर्ड भ्याल्यु) कार्ड हो। भण्डारण गरिएको मूल्य सकिएपछि, तपाईंले आफ्नो कार्डलाई कुनै पनि रेलवे स्टेशनका थप-मूल्य मेसिन (Add Value Machine) / ग्राहक सेवा केन्द्र (Customer Service Centre)मा वा तोकिएका किराना स्टोरहरू सहितका खुद्रा विक्रेताहरूबाट पुन: लोड गर्न सक्नुहुन्छ। अक्टोपस इन्क्वायरी प्रोसेसर (Octopus Enquiry Processor)लाई तपाईको अक्टोपसको बाँकी मूल्य जाँच गर्न प्रयोग गर्न सकिन्छ। MTR हेभी रेल नेटवर्क (एयरपोर्ट एक्सप्रेस बाहेक)ले पनि QR कोडहरू स्क्यान गरेर ई-भुक्तानी प्लेटफर्महरू मार्फत भाडाको भुक्तानी स्वीकार गर्दछ। लाइट रेल (Light Rail)को लागि, कृपया ध्यान दिनुहोस् कि एकपटक तपाईंले एकल सवारी टिकट वा आफ्नो अक्टोपस कार्डलाई प्रमाणित गरिसकेपछि, तपाईं गेट वा टर्नस्टाइलमा नगइकन सीधै ट्रेनमा चढ्न सक्नुहुन्छ। यद्यपि, यो "हनर" भाडा प्रणालीलाई MTR कर्मचारी द्वारा सञ्चालित आवधिक स्पट चेक द्वारा लागू गरिएको छ।

***नोट:***
MTR को मार्ग नक्सा यस मार्गनिर्देशिकाको पछाडि देखाइएको छ।

## आधिकारिक बस सेवाहरू

हङकङमा चार कम्पनीहरूले आधिकारिक (फ्रान्चाइज्ड) बस सेवाहरू सञ्चालन गर्छन्। ती हुन् काउलुन मोटर बस कम्पनी (१९३३) लिमिटेड (Kowloon Motor Bus Company, KMB), सिटीबस लिमिटेड (Citybus Limited) (जसका दुई फ्रेन्चाइजहरू छन्), न्यू लान्ताओ बस कम्पनी (१९७३) लिमिटेड (New Lantao Bus Company Limited, NLB) र लङ विन बस कम्पनी लिमिटेड (Long Win Bus Company Limited)। धेरैजसो बस सेवाहरू बिहान ६:०० देखि मध्यरातसम्म चल्छन्, जसमध्ये केही रातभर चल्छन्।

***सल्लाह:***
तपाईंले बसमा यात्रा गर्न टिकट किन्न आवश्यक पर्दैन। तपाईं बस चढ्दा चालकको छेउमा रहेको भाडा बक्समा सही भाडा छोड्नुहोस्।अझ स जिलो, माथिका सबै बसहरूले अक्टोपस कार्डबाट भुक्तानी स्वीकार गर्छन्। साथै, नियमित बस मार्गहरूले अन्य ई-भुक्तानी विधिहरू स्वीकार गर्छन्, जस्तै सम्पर्कविहीन कार्डहरू (contactless cards) र QR कोड स्क्यानिङ। यदि सिटमा सिट बेल्ट राखिएको छ भने त्यसलाई लगाउनुहोस्। चालकलाई अवरोध वा विचलित नगर्नुहोस्। तल्लो डेकमा उभिएर वा बसको डिब्बामा जाँदा र सिँढीबाट माथि/तल यात्रा गर्दा ह्यान्ड्राइललाई बलियोसँग समात्नुहोस्। जब तपाईं ओर्लन चाहनुहुन्छ, स्टप बटन थिच्नुहोस्।

| सोधपुछ: | | |
|---|---|---|
| | City Bus | २१३६-८८८८ |
| | KMB | २७४५-४४६६ |
| | Long Win | २२६१-२७९१ |
| | NLB | २९८४-९८४८ |

## मिनी बसहरू

हङकङमा दुई प्रकारका मिनी बसहरू छन्। दुवै पहेँलो छन् तर केहीका रातो छाना (रातो मिनिबसहरू) र अरूका हरियो छाना (हरियो मिनी बसहरू) हुन्छन्। हरियो मिनी बसहरूले निश्चित रुट, भाडा, सवारी साधनको निर्धारण र समय-तालिका सहित निर्धारित सेवाहरू उपलब्ध गराउँछन् भने रातो मिनी बसहरू निश्चित रुट, भाडा र समय तालिका बिना नै चल्छन्। ७ जुलाई २०१७ देखि मिनीबसको अधिकतम सिट क्षमता १६ सिटबाट १९ सिटमा पुर्‍याइएको छ।

हरियो मिनी बसमा चढ्दा भाडा तिर्नुपर्छ। सबै हरियो मिनी बसहरूले अक्टोपस कार्डहरूद्वारा भुक्तानी स्वीकार गर्छन्, जबकि केहीले AlipayHK मार्फत भुक्तानी स्वीकार गर्छन्। केही रातो मिनी बसहरूले अक्टोपस कार्डहरूद्वारा भुक्तानी स्वीकार गर्छन्। नगद मात्र स्वीकार गर्ने रातो मिनिबसहरूका लागि, तपाईं सामान्यतया ओर्लन लाग्दा भुक्तानी गर्नुहुन्छ। ड्राइभरसँग खुद्रा फिर्ता नभएको अवस्थामा तपाईंसँग पर्याप्त भाडा छ भन्ने सुनिश्चित गर्नुहोस्। यदि सिटमा सिट बेल्ट राखिएको छ भने त्यसलाई लगाउनुहोस्।

***सल्लाह:***
कि त हरियो वा रातो मिनीबस रोकेर तपाईं ओर्लन चाहनुहुन्छ भने त्यस्तो गर्नलाई स्थानीय जसरी जानुहोस् र क्यान्टोनिजमा "याउ लोक" भन्नुहोस् जसको अर्थ "कृपया रोक्नुहोस्" भन्नुहोस्। केही हरियो वा रातो मिनीबसहरूले यात्रु कल-बेल राखेका छन्,

जस मार्फत यात्रुहरूले ओर्लनको लागि गाडी रोक्न चालकलाई सङ्केत गर्न सक्छन्। यदि तपाईं मिनीबस चालकको प्रशंसा गर्न चाहनुहुन्छ भने / तपाईं सेवासँग सन्तुष्ट हुनुहुन्न भने, मिति, समय, घटनाको स्थान साथै सवारी दर्ता नम्बर प्राप्त गर्नुहोस् र यातायात उजुरी इकाई हटलाइनमा **२८८९-९९९९** वा १८२३मा कल गर्नुहोस्।

## ट्रामहरू

डबल डेकर (दुई तले) ट्रामकारहरू हङकङ आइल्याण्डको उत्तरी किनारमा चल्छन्। सबैभन्दा लामो मार्ग केनेडी टाउन (Kennedy Town)बाट सुरू हुन्छ र शाउ केई वान (Shau Kei Wan) सम्म पुग्छ। त्यहाँ छवटा प्रमुख मार्गहरू छन्: शाउ केई वान (Shau Kei Wan) र ह्याप्पी भ्याली (Happy Valley) बीच; नर्थ प्वाइन्ट (North Point) र व्हिट्टी स्ट्रीट (शेक टोंग सुई) (Whitty Street (Shek Tong Tsui)); कजवे बे (Causeway Bay) र व्हिट्टी स्ट्रीट (शेक टोंग सुई) (Whitty Street (Shek Tong Tsui)); ह्याप्पी भ्याली (Happy Valley) र केनेडी टाउन (Kennedy Town); शाउ केई वान (Shau Kei Wan) र वेस्टर्न मार्केट (Western Market); र शाउ केई वान (Shau Kei Wan) र केनेडी टाउन (Kennedy Town) I

१२ वर्ष वा माथिका व्यक्तिको लागि एकल यात्रा भाडा $३ लाग्छ, जबकि ३ वर्ष वा माथि र १२ वर्ष मुनिका बालबालिकाका लागि $१.५ शुल्क लाग्छ, र ६५ वर्ष वा माथिका ज्येष्ठ नागरिकहरूको लागि $१३ शुल्क लाग्छ। बोर्डमा कुनै खुद्रा फिर्ता उपलब्ध हुँदैन र यात्रुहरूले अक्टोपस कार्डको साथ, नगद वा इलेक्ट्रोनिक भुक्तानी विधिहरू, जस्तै सम्पर्करहित कार्डहरू र QR कोड स्क्यानिङ मार्फत भाडा तिर्न सक्नुहुन्छ। सेवाको मार्गहरूमा निर्भर गर्दै, ट्राम सेवा सामान्यतया दैनिक बिहान ६:०० बजेदेखि मध्यरातसम्म सञ्चालन हुन्छ।

सोधपुछ: **२५४८-७१०२**

## पानीजहाजहरू (फेरीहरू)

स्टार फेरी (Star Ferry) सिम शा त्सुई (Tsim Sha Tsui) र सेन्ट्रल (Central) बीच दैनिक बिहान ६:३० बजेदेखि राति ११:३० बजेसम्म र सिम शा त्सुई (Tsim Sha Tsui) र वान चाइ (Wan Chai) बीच सोमबारदेखि शनिबार (सार्वजनिक बिदा बाहेक) बिहान ७:२० बजेदेखि राति ११:०० बजेसम्म तथा आइतबार र सार्वजनिक बिदाहरूमा बिहान ७:३० बजे देखि राति ११:०० बजे सम्म सञ्चालित हुन्छ। सिम शा त्सुई (Tsim Sha Tsui) र सेन्ट्रल (Central) वा सिम शा त्सुई (Tsim Sha Tsui) र वान चाइ (Wan Chai) फेरी सेवाहरू लिनको लागि, टिकटिङ किओस्कबाट टिकट किन्नुहोस्, भेन्डिङ मेसिनबाट भाडा

टोकन वा अक्टोपस कार्ड, AlipayHK, WeChat Pay र Visa/Mastercard जस्ता अन्य भुक्तानी साधनहरू प्रयोग गर्नुहोस्। शनिबार, आइतबार र सार्वजनिक बिदाहरूमा, साथै माथिल्लो र तल्लो डेकहरूको लागि भाडाहरू फरक हुन्छन्।

फर्च्युन फेरी (Fortune Ferry)ले सेन्ट्रल (Central) र हङ होम (Hung Hom)को बीचमा सोमबारदेखि शनिबार (सार्वजनिक बिदा बाहेक) बिहान ७:३० देखि बेलुका ७:२० सम्म तथा आइतबार र सार्वजनिक बिदाहरूमा बिहान ८:१० देखि बेलुका ६:२० सम्म सेवा प्रदान गर्दछ।

सन फेरी सर्भिसेज कम्पनी लिमिटेड (Sun Ferry) ले लान्ताउ टापु (मुई वो) (Lantau Island (Mui Wo)) र चेउङ चाउ (Cheung Chau)लाई सेवा प्रदान गर्दछ, जबकि हङकङ एण्ड काउलुन फेरी लिमिटेड (Hong Kong and Kowloon Ferry Limited, HKK) ले पेंग चाउ (Peng Chau) र लाम्मा आइल्याण्ड (Lamma Island)मा सेवा प्रदान गर्दछ। यी बाहिरी टापु फेरी सेवाहरू सेन्ट्रल (Central)को पियर (किनारा)बाट छुट्छन्। भाडा तपाईंको गन्तव्य र जहाजको प्रकार अनुसार फरक हुन्छ तथा आइतबार र सार्वजनिक बिदाहरूमा फरक भाडाहरू चार्ज गरिनेछ।

डिस्कभरी बे ट्रान्सपोर्टेसन सर्भिसेज लिमिटेड (Discovery Bay Transportation Services Limited, DBTPL) ले सेन्ट्रल पियर नम्बर ३ (Central Pier No. 3) बाट प्रस्थान गर्दै लान्टाउ टापुमा(Lantau Island) रहेको डिस्कभरी बे (Discovery Bay)लाई सेवाहरू प्रदान गर्दछ। आइतबार र सार्वजनिक बिदाहरूमा डिस्कभरी बे नर्थ (Discovery North Bay)मा सेवा दिने विशेष प्रस्थानहरू छन्।

पार्क आइल्याण्ड ट्रान्सपोर्ट कम्पनी लिमिटेड (Park Island Transport Company Limited, PITCL) ले सेन्ट्रल पियर नम्बर २ (Central Pier No. 2) र सुएन वान पब्लिक पियर (Tsuen Wan Public Pier)बाट प्रस्थान गर्दै मा वान (Ma Wan)लाई सेवाहरू प्रदान गर्दछ।

यी सबै सेवाहरूले नगद वा अक्टोपस कार्डहरूद्वारा भुक्तानी स्वीकार गर्छन्। Sun Ferry र HKK ले AlipayHK र UnionPay द्वारा भुक्तानी स्वीकार गर्दछ जबकि Fortune Ferry द्वारा संचालित "Central - Hung Hom" रुटले AlipayHK द्वारा भुक्तानी स्वीकार गर्दछ।

| | | |
|---|---|---|
| सोधपुछ: | स्टार फेरी (Star Ferry) | **२३६७-७०६५** |
| | फोर्च्युन फेरी (Fortune Ferry) | **५८०१-२२००** |
| | सन फेरी (Sun Ferry) | **२१३१-८१८१** |
| | HKK | **२८१५-६०६३** |
| | DBTPL | **२९८७-७३५१** |
| | PITCL | **२९४६-८८८८** |

## ट्याक्सीहरू

अर्बन (नगर) ट्याक्सीहरू (रातो) हङकङका धेरैजसो क्षेत्रहरूमा सञ्चालन हुन्छन् (टुङ चुङ रोड र दक्षिण लान्टाउमा सडकहरू बाहेक)। न्यु टेरिटोरिज ट्याक्सीहरू (हरियो) मुख्यतया न्यु टेरिटोरिजको उत्तर-पूर्वी भाग (अर्थात् शा टिनको उत्तर) र उत्तर-पश्चिमी भाग (अर्थात् सुएन वानको उत्तर) मा सञ्चालन हुन्छन्। लान्टाउ ट्याक्सीहरू (नीलो) लान्टाउ आइल्याण्ड र चेक लाप कोक (Chek Lap Kok) मा मात्र चल्छन्। सबै ट्याक्सीहरूलाई हङकङ अन्तर्राष्ट्रिय विमानस्थल, हङकङ डिज्नील्याण्ड र हङकङ-झुहाइ-मकाओ ब्रिज हङकङ पोर्टमा सेवाहरू उपलब्ध गराउन अनुमति दिइएको छ। ट्याक्सी चालकलाई देखाइएको चिनियाँ भाषामा लिखित ठेगाना देखाउनु सामान्यतया प्रभावकारी सञ्चार सुनिश्चित गर्ने उत्तम तरिका हो।

जब ट्याक्सी भाडामा उपलब्ध हुन्छ, यसले झ्याल स्क्रिनको केन्द्रमा सानो रातो "भाडाका लागि" (“For Hire”) झण्डा देखाउनुपर्छ। साथै, रातको समयमा, छतमा "ट्याक्सी" चिन्ह उज्यालो हुनुपर्छ। ट्याक्सी मिटरमा देखाइएका स्वीकृत भाडा स्केल अनुसार भाडा असुल गरिन्छ। ट्याक्सी भित्रको ढोका प्यानलमा पनि ट्याक्सी भाडा तालिका देखाइएको हुन्छ। ट्याक्सीमा चढ्दा सिट बेल्ट लगाउन नबिर्सनुहोस्।

***सुझाव:***
यदि तपाईं ट्याक्सी चालकको प्रशंसा गर्न चाहनुहुन्छ / तपाईं सेवाबाट सन्तुष्ट हुनुहुन्न भने, सवारी दर्ता नम्बर वा ट्याक्सी चालकको परिचय प्लेटमा रहेको जानकारी प्राप्त गर्नुहोस् (जस्तै ट्याक्सी चालकको पहिचान प्लेट नम्बर) र यातायात गुनासो इकाई (Transport Complaint Unit)को हटलाइनमा **२८८८-९९९९ वा १८२३**मा कल गर्नुहोस्। यदि तपाईंलाई ट्याक्सी चालकले ट्याक्सी मिटर अनुरुप कानुनी रूपमा मान्य ट्याक्सी भाडा लिएको छैन भन्ने शंका भएमा कृपया २५२७ ७१७७ मा पुलिसलाई कल गर्नुहोस्। यदि तपाईंले ट्याक्सीमा कुनै मूल्यवान चीज छोड्नुभयो भने, पुलिसलाई सम्पर्क गर्नुहोस् वा ट्याक्सीमा हराएको सम्पत्तिको लागि रोड को-अप लस्ट एन्ड फाउण्ड फ्री हटलाइन (Road Co-op Lost & Found Free Hotline for Lost Property on Taxi)लाई **१८७-२९२०मा** कल गर्नुहोस्।